# प्रतिवेदन

मिती २०७५ असोज ७ र ८ गते सम्म राष्ट्रिय किसान आयोग, हरिहरभवन, ललितपुरद्धारा संचालन भएको **"प्रदेश तथा केन्द्रस्तरमा कृषि प्रसार, अनुसन्धान र विसका तथा किसानहरु सम्बद्ध समसामयीक समस्याहरु सम्बन्धी छलफल तथा अन्तक्रिया"** कार्यक्रमको प्रतिवेदन ।

**मिति २०७५/०६/०७ गते पहिलो दिन**

स्थान : होटल सिद्धार्थ, मानसचोक, हेटौडा
अध्यक्षता : श्री मिना तामाङ, सदस्य, राष्ट्रिय किसान आयोग
प्रमुख अतिथि : मा. दावादोर्जे लामा, मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
विशिष्ठ अतिथि : मा. चित्र बहादुर श्रेष्ठ, अध्यक्ष, राष्ट्रिय किसान आयोग

| **क्र.म संख्या** | **प्रस्तुतिकरण** | **प्रस्तुतकर्ता** | **उपलब्धीहरु** |
|---|---|---|---|
| १. | राष्ट्रिय किसान आयोग एक परिचय तथा आयोगले हालसम्म सम्पन्न गरेका कामहरु : राष्ट्रिय किसान आयोग | मा. चित्र बहादुर श्रेष्ठ, अध्यक्ष, राष्ट्रिय किसान आयोग | ➢ सहभागिहरुमा किसान आयोग गठनको बारेमा प्रष्ट बुझाई भएको ।<br>➢ सहभागिहरुमा किसानहरुको विभेद अन्त्य गर्ने अपेक्षा, शक्तिको सशक्तिकरण गर्ने, किसानहरुको अधिकार सचेत गर्ने,क्षमता अभिवृद्धि गर्ने जस्ता विषयमा प्रष्ट बुझाई भएको ।<br>➢ सहभागिहरुमा अल्प विकशित तथा विकाशोन्मुख देशमा कृषि र किसान यस सम्वन्धी अगाडि बढ्न प्रष्ट बुझाई भएको ।<br>➢ सहभागिहरुमा बजारिकरणको व्यवस्था, कच्चापदार्थको आवश्यकता, महिला शसक्तिकरण, साँस्कृतिक, सङगठनिक विषयमा प्रष्ट बुझाई भएको ।<br>➢ किसानहरुको हक हित अधिकारको सुनिश्चितता, कृषि क्षेत्रमा राहत दीर्घकालिन उपलब्धी, भू-उपयोग नीति बारे सहभागिहरुमा प्रष्ट बुझाई भएको ।<br>➢ खुला सिमानाको कारण हाम्रो उत्पादन सित्तैमा निकासी भएको ।<br>➢ पुर्वाधार व्यवस्थीत नभएको । |
| २. | प्रदेश र केन्द्रस्तरमा कृषि प्रसार, अनुसन्धान र बिकास किसानहरु सम्बद्ध समसामयिक सम्बन्धि छलफल तथा अन्तरक्रिया कार्यक्रम | निर्मल गदाल, प्रमुख योजना तथा अनुगमन महाशाखा,<br>भूमि व्यवस्था, कृषि तथा सहकारी | ➢ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका नीति तथा कार्यक्रमहरुको बारेमा छलफल<br>➢ चालु आ.ब. को स्वीकृत बजेट र कार्यक्रम बारे छलफल<br>➢ समन्व तथा सहकार्यको अवस्था प्रगति |

| | | | |
|---|---|---|---|
| | | मन्त्रालय | ➢ पहिचान गरिएका नयाँ कानूनहरुको विवरण र कानून निर्माणको अवस्था बारे छलफल |
| ३. | नेपाल कृषि अनुसन्धान परिषदवाट प्रदेश न ३ का लागि उन्मोचन गरिएका वाली वस्तु तथा प्रविधिहरु तथा किसानको सहभागितामा संचालित कार्यक्रमहरु, अनुसन्धान समन्वय अवस्था | डा. टेक प्रसाद गोतामे, वरिष्ठ वैज्ञानिक, क्षे.कृ.अ.केन्द्र, परवानीपुर | ➢ प्रदेश नं. ३ मा अवस्थित परिषद्को अनुसन्धान केन्द्रहरु बारेमा जानकारी<br>➢ प्रदेश नं. ३ मा अवस्थित बस्तु विशेष कार्यक्रमहरुको बारेमा जानकारी<br>➢ प्रदेश नं. ३ का लागि उन्मोचन गरिएका बाली बस्तु तथा प्रविधिहरु बारेमा जानकारी<br>➢ परिपक्व प्रविधिहरु बारे जानकारी<br>➢ सहभागिहरुमा कृषि विकासका लक्ष्य तथा सूचकहरु आत्मनिर्भता, दिगोपन, प्रतिस्पर्धा, समावेशी, वृद्धि खाद्य तथा पोषण सुरक्षाका बारेमा बारेमा जानकारी<br>➢ सहभागिहरुमा बाली तथा पशुपंक्षी वीमाको बारेमा जानकारी |

मिति २०७५/०६/०८ गते दोश्रो दिन

## समूह छलफल

# १. समुहको नाम मत्स्य पालन

| सि.नं. | समस्याहरु | समाधानका उपायहरु | जिम्वेवार निकाय |
|---|---|---|---|
| क. | अन्सन्धान सम्वद्ध समस्याहरु | | |
| १ | माछामा लाग्ने स-साना रोगहरु बाट माछाको मुत्य हुने | प्रत्येक पकेट क्षेत्रमा रोग सम्बन्धी ल्याब/प्रयोगशाला हुनुपर्ने | नेपाल सरकारका स्थानिय निकायप्रदेश पशु पन्छी विकास निर्देशनालय/मन्त्रालय |
| २ | स्थानिय माछाहरु लोभ हुन लागेको अवस्थामा रहेको हुनाले र बजारमामाग पनि प्रसस्त रहेको हुनाले | बंसज जोगाउनको लागी प्रकृतिक स्थलमा संरक्षण र सम्बन्धनसाथै विष प्रयोगमा बन्देज र करेन्ट मा पुर्णबन्देज | स्थानिय निकाय |
| ३ | भाले टिलिपियाजातको माछाभुरा उत्पादनमा अनुसन्धान गर्नु पर्ने | आवश्यक भन्दा बढी फोथी जातको टिलिपिया माछा छुटाउनु पर्ने | N.A.R.C |
| ४ | कार्प जातको माछाको नस्ल सुधार (रहु कमन टिलिपिया ) | बिदेशबाट आयात गरि वा देश भित्र बाटै भएपनि क्रस प्रजातिका गरि नयाजातको माछा विकास गर्ने | N.A.R.C |
| ५ | पंगासियस (बैखी) भुरा उत्पादनमा समस्या | मत्स्य प्रविधिकलाई तालिमको ब्यवस्था | केन्द्र रप्रदेश सरकार |
| **ख.** | **प्रविधि प्र सार सम्बद्ध समस्याहरु** | | |
| १ | अन्सन्धान भएका प्रविधिहरुको प्रचार प्रसारमा समस्या | प्राविधिकहरुको कमी तालिमको ब्यवस्था | केन्द्र रप्रदेश सरकार |

| | | | |
|---|---|---|---|
| २ | माछा उत्पादनलाई उधोगको रुपमा राखीएको | उधोगमा नराखी सामान्य कृषिमा राखी कृषि मिटर ब्यवस्था हुनुपर्ने | केन्द्र रप्रदेश सरकार |
| ३ | संकलन केन्द्रको अभाब | ब्लक जोन सुपर जोन तथा सेवा केन्द्र स्तरमा निर्माण । | केन्द्र र प्रदेश सरकार |
| ४ | ढुवानिमा समस्या | अनुदानमा गाडी उपलब्ध हुनु पर्ने | केन्द्र र प्रदेश सरकार |
| ५ | आईस प्लान्ट | ब्लक जोन, सुपरजोन, वा सेवा केन्द्रस्तरमा निर्माण | प्रदेश सरकार |
| ६ | प्याकिङ्ग सामाग्री | क्रेट खरिद, भ्याकुम मेसिन खरिद गर्नु पर्ने | प्रदेश सरकार, स्थानिय |
| ७ | दानाको समस्या | सानव स्तरमा ब्लक जोन, सुपर जोन स्तरमा स्थापना गर्नु पर्ने | केन्द्र, प्रदेश, स्थानिय |
| ८ | पोस्ट हार्भेस्ट | सोलार, ड्रायर, भट्री निर्माण | प्रदेश स्थानिय |
| **ग.** | **अन्य समस्याहरु** | | |
| १ | सहुलियत कर्जा | माछा पालन किसानहरुलाई सहुलियत ब्याजमा ऋण उपलब्ध गराउनु पर्ने । | प्रदेश सरकार, स्थानिय |
| २ | पानीको उपलब्ध | बोरिङ्ग, पम्प सेट, सोलार पम्प । | केन्द्र, प्रदेश सरकार, स्थानिय |
| ३ | विमा | विमा कम्पनि सँग समन्वय र नेपाल सरकारले पहल | स्थानिय |

| | | | |
|---|---|---|---|
| | | गर्ने । | |
| ४ | भुराको समस्या | सरकारी, प्राइवेट, स्तरका ह्याचरीहरुको स्तर बृद्धिगरीनु पर्ने । | प्रदेश सरकार |
| ५ | अत्याधुनिक उत्पादन, प्रविधीको अवलोकन | वैदेशिक भ्रमण । | प्रदेश सरकार |
| ६ | प्रचार/प्रसार | हरेक हप्ताको २ पटक टेलिभिजन र पत्र - पत्रिका बाट प्रचार प्रसार रहोडिङ्ग वोर्ड राखिनु पर्ने । | प्रदेश सरकार, स्थानिय |

## २.समुहको नाम पशुपंक्षी पालन

| सि. नं. | समस्याहरु(अनुसन्धमन सम्वन्धी) | समाधानका उपायहरु | जिम्मेवारि निकाय |
|---|---|---|---|
| क. | **अनुसन्धानसम्वद्ध समस्याहरु** | | |
| १. | नश्ल सुधार तथा नयाँ प्रजातिको पहिचान नहुनु | जातहरुको अनुसन्धान | नार्क/ सरकार कृषि विश्व विद्यालय |
| २. | रोगको पहिचान नहुनु (बाख्राको Interoloximia- vacc.) मुआलो | रोगको पहिचान गरी उपयूक्त खोप तथा औषधीको उत्पादन तथा सिफारिस | सरकारका जिम्मेवार निकाय (नार्क) |
| ३. | उन्नत आहार (दाना) नहुनु | पशुपंक्षीको दानाको फर्मुलेशन गुणस्तर परिक्षण गरी सिफारिस गर्ने । | नार्क/ खाद्य गुणस्तर विभाग |
| ४. | ब्यवसायको भूगोल पहिचान नहुनु | हावापानी र भूगोल अनुसार व्यवसायलाई वशिष्टिकरण गरी सिफारिस गर्नु पर्ने । | नार्क विश्व विद्यालय |
| ख. | **प्रविधिप्रसारसम्बद्धसमस्याहरु** | | |
| १. | स्थानिय स्तरमा दक्ष प्राविधीकको अभाव | वडा स्तर सम्म दक्ष प्रविधीक उपकरण, भौतिक सुविधा र | स्थानिय, प्रदेश र केन्द्रिय सरकार |

| | | | |
|---|---|---|---|
| | | औषधीको व्यवस्था हुनु पर्ने । | |
| २. | वजारमा गुणस्तर हिन दानाहुनु | वजारमा दाना निरिक्षण, परिक्षण गरी नियमन हुनु पर्ने । | प्रदेश सरकार/केन्द्र (खाद्य गुणस्तर) पशु सेवा विभाग |
| ३. | प्रविधीको विस्तार/प्रचार नहुनु | कृषि प्रविधिहरुको नेपाल सरकारले अन्य संचार प्रकाशन वडा स्तरमा प्रचार प्रसार गर्नु पर्ने । | स्थानिय /प्रदेश केन्द्र सरकार (नार्क) |
| ४. | ब्यवसायमा पान्त्रीकरण नहुनु | व्यवसाय अनुसार आवश्यक उपकरणमा अनुदानको ब्यवस्था हनु पर्ने । | स्थानिय /प्रदेश केन्द्र सरकार |
| **ग.** | **अन्य समस्याहरु** | | |
| १. | दुग्घजन्य पदार्थहरु निर्वाधरुपमा आयात हुनु र आन्तरीक उत्पादनले बजार नपाउनु | आन्तरीक उत्पादनले माग पुरा भएसम्म आयात प्रतिवन्ध गरिनु पर्ने | नेपाल सरकार |
| २. | ढुवानी समस्या (वंगुर) | ढुवानी मापदण्ड प्रभावकारी कार्यान्वयन गर्नुपर्ने | नेपाल सरकार |
| ३. | उत्पादनकव विविधीकरणमा अभाव (वंगुर) | विविधीकरण (मासु) गर्नुपर्ने | नेपाल सरकार |
| ४. | वजार ब्यावस्थापनको अभाव | स्वदेश तथा विदेशमा निकासीको लागि प्रमाणीकरण गर्नु पर्ने | नेपाल सरकार |
| ५. | मूल्य निर्धारण नहुनु | पंक्षी जन्य उत्पादनमा उत्पादन लागतको आधारमा न्यूनतम समर्थन मूल्य तोकिनु पर्ने | नेपाल सरकार |
| ६. | कृषि ऋण सर्व सुलभ नहुनु | ब्यवसायलाई धितो राखी लगानीको ६०% सम्म कर्जा दिनु पर्ने। ब्याज दरमा अधिकतम छुट दिनु पर्ने | नेपाल सरकार |
| ७. | गाई विमाको अधिकतम विमाङ्क | विमाङ्क वजार मूल्य अनुसार | नेपाल सरकार रा.विमा |

| | | | |
|---|---|---|---|
| | वजार मूल्य अनुसार नहुनु | समायोजन हुनु पर्ने | समिती |
| ८. | हुर्केको कुखुराको विमा नहुनु | ठूलो कुखुराहरुको पनि विमा हुनु पर्ने | रा.विमा समिती नेपाल सरकार |
| ९. | किसानको पहिचान नहुनु | किसान परिचय पत्र व्यवस्था हुनु पर्ने | नेपाल सरकार |
| १०. | कृषि उत्पादनको प्रभावकारी वितरण नहुनु | उत्पादनको आधारमा अनुदानको वितरण हुनु पर्ने | नेपाल सरकार |
| ११. | अनुत्पादक पशु समस्या | बुढा अनुत्पादक पशुहरुको ब्यवस्थापनको लागि छुटै कोष मार्फत कार्यक्रम संचालन गरिनु पर्ने | नेपाल सरकार |
| १२. | कुखुराकव चल्ला र दानाको मूल्यमा नियन्त्रण नहुनु | लागत मूल्यको आधारमा चल्ला दानाको उचित मूल्य निर्धारण गरिनु पर्ने | नेपाल सरकार |
| १३. | विपद (प्राकृतिक प्रकोप) पिडित किसानलाई क्षतिपूर्तिको ब्यवस्था नभई पलायन हुने अवस्था | राहतको ब्यवस्था हुनु पर्ने | नेपाल सरकार स्थानिय/प्रदेश |

## ३ समुहको नाम :तरकारी तथा फलफुल

| **सि.नं.** | **समस्या** | **समाधानका उपायहरु** | **जिम्वेवार निकाय** |
|---|---|---|---|
| **क** | **अनुसन्धान सम्वद्ध समस्याहरु** | | |
| १ | तरकारी तथा फलफुलमा रोग किरा ससम्बन्धी समस्या | कृषक समस्या | |
| २ | तरकारी तथा फलफुल (P.T.M) र जुनार गाढेरोग | नेपाल सरकारले सुचिकृत गर्नुपर्ने | नेपाल बिउविजन गुण नियन्त्रण केन्द्र |
| ३ | तरकारी हाईब्रिड जातहरुको सुचिकृत | सम्बन्धीत समस्याको समाधानका गर्न स्थानिय फार्म केन्द्रहरुमा अनुसन्धान गर्ने | NRAC सम्बन्धी निकाय |
| ४ | कृषि शिक्षा | आधारभूत तह पश्यात बिधालयमा अनिवार्य प्रर्क्षीशीक्षाको ब्यवस्था | शिक्षा मन्त्रालय प्रदेश र स्थानिय |

| | | | |
|---|---|---|---|
| ५ | सन्चारको पहुचमा समस्या | आधुनिक प्रविधि अनुसारको सचार ब्यवस्था उपलब्ध गराउनुपर्ने | शिक्षा मन्त्रालय प्रदेश र स्थानिय |
| ६ | ग्रेडिङ्ग प्याकेजिङ्ग | तरकारीको ग्रेडिङ्ग प्याकेजिङ्ग | कृषि ज्ञान केन्द्र र स्थानिय निकाय |
| **ख** | **प्रविधि प्रसार सम्बद्ध समस्याहरु** | | |
| १ | सिचाईको समस्या | भौगोलीक क्षेत्र अनुसारको सिचाई ब्यवस्था प्लाष्टिक पोखरी थोपा सिचाई ध्याम्पे पोखरी आदी | नेपाल सरकारका स्थानिय निकाय प्रदेश कृषि मन्त्रालय |
| २ | ढुवानिको समस्या तथा बजारीकरण | तरकारी फलफुल बोक्ने गाडी निवादरुपमा सन्चालन गर्न पाउने ब्यवस्था | नेपाल सरकारका |
| ३ | कृषि कृषकलाई पुरस्कारको ब्यवस्था | उत्कृष्ठ कृषकहरुको छनौट गरी उत्कृष्ट कृषकलाई पुरष्कारको ब्यवस्था हुनुपर्ने | नेपाल सरकारका स्थानियनिकाय प्रदेश कृषि मन्त्रालय |
| ४ | यन्त्रीकरणको समस्या | भौगोलीक क्षेत्र अनुसारको कृषि यन्त्रीकरण र सुलभ तरीकाले वितरण हुनुपर्ने | NARC नेपाल सरकारका स्थानिय निकाय प्रदेश कृषि मन्त्रालय तथा यन्त्रीकरण विभाग |
| ५ | उच्च प्रविधिमूलक तरकारी खेती तथा फलफुलखेतीमा समस्या | संरचना निमार्णमा ८५ प्रतिशत अनुदानको ब्यवस्था हुन सप्नें | कृषिज्ञान केन्द्र र स्थानिय निकाय |
| ६ | विउ सम्बन्धी समस्या | स्वदेशि विउलाई प्रोत्साहान गर्ने | प्रदेश कृषि ज्ञान केन्द्र र स्थानियनिकाय सरकार |
| ७ | तरकारी फलफुलमा बिचौलियाको समस्या | तरकारी बजारमा कृषकको सिधा पहुच र बिक्रि गर्ने स्टलको ब्यवस्था तथा हाटबजार स्थापना | प्रदेश कृषिज्ञान केन्द्र र स्थानिय निकाय सरकार |

| | | | |
|---|---|---|---|
| ८ | उत्पादन सामाग्री समयमा उपलब्ध नहुने | गुणस्तरीय उत्पादन सामाग्री (विउ मल बिषादी ) समयमा उपलब्ध गराउनुपर्ने | प्रदेश कृषि ज्ञान केन्द्र र स्थानिय निकाय सरकार |
| ९ | उन्नत प्रविधि सम्बन्धी तालिमको अभाब | बालि अनुसारको उन्नत प्रविधि तथा भ्रमण | प्रदेश कृषि ज्ञान केन्द्र र स्थानिय निकाय सरकार |
| १० | बाली विमा सम्बन्धी समस्या | स्थानिय तह सम्म विमा गर्नेकार्यालय र एजेन्टको ब्यवस्था | राष्ट्रिय विमा संस्थान |
| ११ | कृषि उत्पादनमा उर्जाको समस्या जस्तै बिधुत | अनुदानको ब्यवस्था गरीनु पर्ने | नेपाल सरकारका निकाय |
| **ग** | **अन्यसमस्याहरु** | | |
| १ | किसान परिचयपत्र/ बर्गिकरण | किसान पहिचानगरीपरिचयपत्रवितरण | |
| २ | किसान पेन्सन | पेन्सनको ब्यवस्था | नेपाल सरकार प्रदेश सरकार |
| ३ | सहुलियत ऋणको समस्या | ३ प्रतिशत ब्याजमा कृषकलाई सरल सुलभ रुपमा ऋण उपलब्ध हुनुपर्ने | नेपाल सरकार प्रदेश सरकार |
| ४ | कृर्षि बजारको ब्यवस्था | स्थानिय निकाय प्रदेश केन्द्रमा बजारको निमार्ण हुनुपर्ने | नेपाल सरकार प्रदेश सरकार |
| ५ | कृषि उधोग नहुनु | कृषि उधोग खोली कृषकबाट संचालन गर्ने | नेपाल सरकार प्रदेश सरकार |
| ६ | कृषि बजेट अनेत्रखर्चहुनु | कृषिको बजेट उत्पादनमा नै खर्च गर्नुपर्ने | नेपाल सरका र प्रदेश सरकार |
| ७ | अनुदामा समस्या | उत्पादनमा ७५ प्रतिशत भौतिक संरचनामा ९० प्रतिशत र सिदा कृषकको खातामा जम्मा | नेपाल सरकार प्रदेश सरकार |

# ४मौरीपालक समुह

## "दैनिक गरौं मह सेवन हुन्छ स्वस्थ्य जीवन/दीर्घ जीवन"

| सि. नं. | समस्या | समाधानका उपायहरु | जिम्मेवारि निकाय |
|---|---|---|---|
| क | अनुसन्धान सम्वन्धी | | |
| १. | मौरी वशं क्षय | वशं सुधार(छनोट गर्नु)→वाहिरको गुणस्तरिय जात भित्राउने । | कृषि अनुसन्धान परिषद मौरि पालन विकाश कार्यक्रम |
| २. | स्वस्थ्य रानी उत्पादन | समय, स्थान, फुल पार्ने क्षमता अध्ययन | रानी उत्पादन गर्ने जिम्मेवारि पाएको संस्था मौरि पालन कार्यक्रम |
| ३. | A.I. प्रविधि | प्रविधी भित्र्याई अनुसरण अनुसन्धान गर्नु पर्ने । | मौरी पालन विकाश कार्यक्रम/ कृषि मन्त्रालय । |
| ४. | गोला वृद्धि कम/उत्पादन वृद्धि | उपयुक्त घारको र गोलाको ब्यवस्थापन सम्वन्धि अनुसन्धान । | संघ संस्था, मौरी विकाश कार्यक्रम । |
| ५. | चरण धारणा क्षमता अध्ययन | चरण विरुवा विशेष/ अनुसन्धान | मौरी विकाश कार्यक्रम/ अध्ययन संस्था/नार्क |
| ६. | मौरीको प्राकृतिक सत्रु परजिवी रोग सम्वन्धी | I .P .M .सम्वन्धि अनुसन्धान | मौरी विकाश कार्यक्रम मौरी ब्यवसायीहरु |
| ख | प्रविधि प्रसार सम्वृद्ध सम्स्याहरु | | |
| १ | चरण अभावको समयमा गोला ब्यवस्थापन | कृतिम आहारामा अनुदान, कृतिम आहार उत्पादन र वितरण, टहरा निर्माणमा अनुदान । | सरकारी निकायहरु, उद्योग ब्यावसायीहरु । |
| २ | चरण क्षेत्र निर्धारण तथा रेखाङ्कन | प्रत्येक जिल्लामा (प्रदेशमा) चरण क्षेत्र एकिन गर्ने, खाली रहेको स्थानहरुमा मौरी जन्य विरुवाहरु लगाउनु पर्ने। मौरि प्रवर्द्धन राष्ट्रिय नितीलाई कार्यान्वयन गर्नु पर्ने । | सरकारी तथा गैर सरकारी निकायहरु मौरी पालक सहकारी समुह, ब्यावसायीहरु । |
| ३ | वजार सम्वन्धि समस्या | बाहिरी बाट आएको गुणस्तरहिन महलाई रोक्नु पर्ने , काँचो | सरकारी निकाय , क्वारेन्टाइन आयत कर्ता, उत्पादक, |

| | | | |
|---|---|---|---|
| | | महको विक्री वितरण रोक्नु पर्ने, जनचेतना बढाउनु पर्ने। महको गुणस्तर परिक्षण, असल मौरी पालन अभ्यास वातावरण कुलित मह भण्डारण निर्माण, समर्थन मुल्य तोक्नु पर्ने, अनुगमन, मह सेवनको लागि शैक्षिक संस्था सुरक्षा निकाय, हस्पिटलहरुमा दिइने रासनमा समावेश गरिनु पर्ने । | ब्यावसायी उद्योग । |
| ४ | तालिम गोष्ठी भ्रमणमा(स्वदेश विदेश)प्रचार प्रसार र समन्वयको अभाव | →मह उत्पादन, पालन उत्पादन, प्रपोलिज, रोएल जेली मौरि विख उत्पादन सम्वन्धी तालिम दिनु पर्ने ।<br>→ विदेशमा विकाश भएको आधुनिक प्रविधिहरुलाई भित्र्याउनको लागि स्वदेश तथा विदेश भ्रमण गराउनु पर्ने सहभागि मुलक अनुगमनप्रणाली विकाश गर्नु पर्ने । | सरकारी निकाय, गैर सरकारी निकाय, ब्यावसायी संघ संस्था। |
| ५ | आधुनिक मौरी पालन सामाग्रीहरु तथा उपकरणहरु अनुदानको ब्यवस्था कमी | → गुणस्तरीय घार उत्पादन गर्नको लागि आधुनिक मेशिनको उपलब्ध,<br>→ अटोमेटिक मह मदानी,मह प्रशोधन मेशिन, उपकरणहरु , मौरी ओसार पसारका लागि वातावरणकुलित भ्यान उपलब्ध, अनुदानमा उपलब्ध गर्नु पर्ने । | सरकारी निकायहरु/ गैर सरकारी निकायहरु/ सहकारी तथा संघ संस्था । |
| ६ | I.P.M.प्रविधी अबलम्वनमा कमि | कृषक पाठशाला संचालन, क्लिनिक संचालन, माइट ब्यावस्थापन अभियान संचालन, अनुसरण अभ्यास । | मौरी विकाश कार्यालय, सरकारी, गैर सरकारी ब्यावसायीहरु । |

| ग | अन्य समस्याहरु | | |
|---|---|---|---|
| १. | प्राकृतिक पर्यावरण संरक्षण गरेवापत मौरी पालनलाई रोयाल्टी उपलब्द नभएको | मौरी गोला संख्याको आधारमा कृषकलाई रोयाल्टी ब्यवस्था हुनु पर्ने । | नेपाल सरकार |
| २. | मौरी चरण सिन्डिकेट | → निर्वादरुपमा मौरी घार ओसार पसार गरि चरण क्षेत्रमा राख्न पाउनु पर्ने ।<br>→ मौरी चरणको क्षेत्रहरुका कृषकहरुलाई परागसेचन सम्वन्धी तालिम र प्रर्दशन कार्यक्रम संचालन गर्नु पर्ने । | नेपाल सरकार प्रदेश सरकार स्थानिय तह |
| ३. | सहुलियत कृषि ऋणको ब्यावस्था नभएको (झन्झटिलो) | सहुलियत दरमा सजिलो सँग ऋण लिन ब्यवसाय धितो राखि ऋण पाउनु पर्ने । | नेपाल सरकार |
| ४. | विमा ब्यवस्थामा स्पस्ट नभएको | सहज रुपमा विमा ब्यवस्था हुनु पर्ने । | नेपाल सरकार |

"मह अमृत हो सञ्जीवनीको वुटी होइन "

## ५ समुहको नाम जडिबुटि तथा नर्सरी धनी समुह

| क्र.सं. | समस्या | समाधानको उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | जमिनको छनोट र पकेट क्षेत्रको पहिचान | हिमाली भेग ,मध्य पहाड,तराई क्षेत्रहरुको पहिचान हुनुपर्ने । | वन मन्त्रालय,वन विभागर आर्युवेद विभाग |
| २ | बहुमुल्य जडिबुटिको पहिचान | बहुमुल्य तथा लोप उन्मुख जडिबुटि पहिचान गरी नर्सरी ब्यवस्थापन गरिनु पर्ने । | वीज्ञहरुको सल्लाह सुझाब साथै उद्योग व्यपार सबै निकाय संग समनय गरिनु पर्ने । |
| ३ | जडिबुटिहरुको पहिचान र बेवस्थापन गर्न सरल ऐनकानुन नेपाल सरकारबाट लागु गर्नु पर्ने । | खोजमुलक राष्ट्रिय,अन्तरराष्ट्रिय तालिम भ्रमण र गोष्ठी संचालन गर्नु पर्ने । | |

| | | | |
|---|---|---|---|
| ४ | जडिबुटि उत्खनन् र प्रशोधन बजार बेबस्थापन को लागिराज्यबाट सरल कर्जा र अनुदानको बेवस्था हुन पर्ने । | स्वरोजगार | |
| ५ | जडिबुटि संकलन र भण्डारण को ब्यवस्थापन हुन पर्ने । | स्व उपचार , परम्परागत अनुसार | |

# ६.अन्न बाली समुह

| क्र.सं. | समस्या | समाधानको उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| **क** | अनुसन्धान सम्वद्ध समस्या | | |
| १ | बैज्ञानिक भुमि व्यबस्थापनमा कमी | खेति योग्य जमिनमा प्लटिङ तथा उद्योग स्थापना रोकिनु पर्ने । | ⁎स्थानिय सरकार केन्द्रिय तथा प्रदेश |
| २ | स्थान र मौसम अनुसारका खाद्यान्न बालीका जातहरुको अनुसन्धानमा अपर्याप्तता | पर्याप्त अनुसन्धान हुनुपर्ने । | ⁎NARC |
| ३ | सिचाईको समस्या | आधुनिक सिचांई प्रबिधि बारे अनुसन्धान गरिनुपर्ने । | NARC,सिचांई मन्त्रा |
| ४ | बजारिकरण तथा उचित मुल्य प्रप्तिको समस्या | राज्यद्धारा उचित मुल्य तोकिनुपर्ने । राज्यद्धारा खरिदको व्यबस्था गरिनुपर्ने | बाणिज्य तथा आपुर्ति मन्त्रालय |
| ५ | सहुलियत ब्याजदरमा कर्जाको ब्यवस्था तथा अनुदानको समस्या | किसान पहिचान गरी अनुदान तथा सहुलियत व्याजदरमा कर्जाको व्यवस्था हुनु पर्ने । | कृषि बिकास बैंक |
| ६ | किसानलाई बाली बिमा सम्बन्धी जानकारी नहुनु। | बाली बिमा सम्बन्धि सचेतना कार्यक्रम गरिनु पर्ने तथा बिमा | स्थानिय सरकार बिमा कम्पनी |

| | | | |
|---|---|---|---|
| | | कम्पनी हरु किसानहरु समक्ष पुग्नु पर्ने । | |
| ७ | किसानको स्वस्थ परिक्षण नगरिनु । | किसान परिचय पत्रको आधारमा निःशुल्क परिक्षण गरिनु पर्ने । | अर्थ मन्त्रालय कृषि मन्त्रालय तथा स्थानिय निकाय |
| ८ | अन्न बाली भण्डारण सम्बन्धी | अन्न बाली भण्डारण गर्न भकारी उपलब्ध गराउनु पर्ने । | स्थानीय सरकार |
| ९ | बालीमा प्राकृतिक प्रकोप तथा वन्य जन्तुबाट क्षति | खेति बाली नोक्सान भएमा राज्यले क्षति व्यहोर्नु पर्ने | स्थानिय सरकार<br>बन निकुञ्ज |
| **ख** | **प्रविधि प्रसार सम्वद्ध समस्याहरुः** | | |
| १ | उन्नत बीउ बिजन ,मलखाद,बिषादि आदिको समयमा उपलब्धता नहुनु। | समयमा उपलब्धताको सुनिश्चितता हुनु पर्ने । | कृषि विकास मन्त्रालय , स्थानिय तह |
| २ | माटो परिक्षण बारे किसानलाई जानकारी नहुनु । | गाउँ गाउँमा माटो परिक्षण अभियान संचालन गर्नुपर्ने ।<br>कम्तीमा १ वडामा १ जना प्राविधिक को व्यवस्था हुनुपर्ने । | कृषि विकास मन्त्रालय , स्थानिय तह |
| ३ | सिंचाई को समस्या | आधुनिक सिचाई प्रविधि ,थोपा सिचाई,प्लास्टिक पोखरी निर्माण,सोलार लिफ्ट सिचांई आदि प्रविधि बारे प्रचार प्रसार गरिनुपर्ने । | कृषि विकास मन्त्रालय , स्थानिय तह |
| ३ | कृषि यान्त्रिकरणको कमीले लागत वृद्धि | वैज्ञानिक आधुनिक कृषि औजारहरु सहुलियत दरमा किसानलाई उपलब्ध गराउनु पर्ने । | सिचांई मन्त्रालय , कृषि विकास मन्त्रालय ,स्थानिय /प्रदेश सरकार<br>*कृषि विकास मन्त्रालय , स्थानिय सरकार |